# अपि पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं ।
फोन नं.:०१-५१११०९३
Email:info@apihydropower.com / Web: http://www.apipower.com.np
को

# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिती २०७४/०९/०७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरुमा छलफल गर्न कम्पनीको चौधौं बार्षिक साधारण सभा निम्न मिति स्थान, र समयमा बोलाउने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने निम्न मिति, स्थान र समय**

**मिति** : २०७४ पौष ३० गते आईतबार (14th January 2018 )
**स्थान** : कार्की ब्याङ्केट, बबरमहल, काठमाडौं ।
**समय** : दिनको १:०० बजे देखि ।

**१४औ साधारण सभामा छलफलका बिषयहरु**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।
३. लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. बोनश शेयर जारी गरे पश्च्यात कम्पनीको चुक्ता पूँजीको संरचना परिर्वतन हुने भएकाले सो अनुकूल हुने गरि कम्पनीको प्रबन्धपत्रमा संसोधन गर्ने तथा सो सम्बन्धी कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. कम्पनीको आ.व.२०७३/७४ को खुद मुनाफाबाट ८ प्रतिशत (करबाहेक) बोनस शेयर वितरण गर्ने सम्बन्धमा ।
२. अपि पावर कम्पनी लिमिटेडले आ.व.२०७३/७४ को मुनाफाबाट ८ प्रतिशत बोनस शेयर जारी गरे पश्चात कायम रहने शेयर संख्या १,१३,४०,००० कित्ता हुनेछ । यसमा विद्यमान १ शेयर बराबर २ शेयरका दरले हकप्रद शेयर निष्काशन गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने जम्मा रकम रु. २२६.८ करोड मध्ये रु. १०० करोड सिद्धकाली पावर लिमिटेडमा र रु. १२६.८ करोड कम्पनीले निमार्ण गर्ने १८ मे.वा क्षमताका विभिन्न सोलार आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा ।
३. कम्पनीले निर्माण गर्ने विभिन्न जलविद्युत तथा सौर्य उर्जा परियोजनाका लागि बैंकबाट ऋण लिने अधिकार संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**(ग) बिबिध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**सिर्जना दंगाल**

## साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालय तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) शेयरधनीहरुको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका विहान ११:३० बजेबाट खुल्ला गरिनेछ ।

३) साधारण सभा प्रयोजनका लागि मिती २०७४/०९/२१ देखी २०७४/०९/३० गते सम्म कम्पनीको शेयर खरिद बिक्री खाता बन्द (Book Close) रहनेछ । दाखिल खारेजका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू मात्र वोनश शेयरका लागि योग्य हुनेछन् ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

७) चौधौं वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।